यदि चाँदी, सुनको सट्टामा नगद छैन भने ब्याज लाग्छ। यदि गहुँ, गहुँको सट्टामा नगद छैन भने ब्याज लाग्छ। यदि जौ, जौको सट्टामा नगद छैन भने ब्याज लाग्छ। यदि खजूर, खजूरको सट्टामा नगद छैन भने ब्याज लाग्छ।

मालिक बिन औस बिन हदषान ले वर्णन गरेका छन् : म "दिनारबाट दिरहम कसले साट्नेछ?" तब तल्हा बिन उबैदुल्लाह (रजियल्लाहु अन्हु) ले जो उमर बिन खत्ताब (रजियल्लाहु अन्हु) नजिकै थिए भने: "आफ्नो सुन देखाउनु होस्, फेरि पछि आउनु होला । जब हाम्रो दास आउँछ,
हामी तपाईंलाई तपाईंको चाँदी दिन्छौं।" तब उमर बिन खत्ताब (रजियल्लाहु अन्हु) ले भन्नुभयो: "कदापि हुँदैन, अल्लाहको कसम ! तपाईंले उसलाई चाँदी दिनुस् , वा तपाईंले
उसलाई उनको सुन फिर्ता गर्नुस्, किनभने अल्लाहका रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नु भएको छ: "यदि चाँदी, सुनको सट्टामा नगद छैन भने ब्याज लाग्छ। यदि गहुँ, गहुँको सट्टामा नगद छैन भने ब्याज लाग्छ। यदि जौ, जौको सट्टामा नगद छैन भने ब्याज लाग्छ। यदि खजूर, खजूरको सट्टामा नगद छैन भने ब्याज लाग्छ।" [सही] [मुत्तफकुन अलैहि]

ताबअी मालिक बिन औस भन्छन्, उनीसँग सुनका सिक्काहरू (दीनार) थिए र उनी ती चाँदीका (सिक्का) लाई दिरहममा साट्न चाह्नथे । त्यसमा उनीसित तल्हा बिन उबैदुल्लाह (रजियल्लाहु अन्हु) ले भन्नुभयो: "हामीलाई तिम्रा दिनारहरू देखाऊ, हेर्छौं ! " त्यस पछि उनले लिने दिने निर्णय गरे पछि भने: "जब हाम्रो दास आउँछ, तब हामी तपाईंलाई चाँदीका दिरहमहरू दिनेछौं।" उमर बिन खत्ताब (रजियल्लाहु अन्हु) त्यहाँ उपस्थित हुनुहुन्थ्यो । उहाँले यस्तो किसिमको किनबेचलाई गलत बताउनु भयो र तल्हा (रजियल्लाहु अन्हु) लाई कसम खाएर भन्नुभयो, या त उनले चाँदी अहिल्यै देऊ वा लिएको सुन फिर्ता गर । उहाँले यसको कारण यो बताउनु भयो, अल्लाहका नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले बताउनु भएको छ, सुनको बदलामा चाँदी वा चाँदीलाई सुनसित साँट्नु छ भने लेनदेन हाताहती हुनु पर्छ । नत्र यो ब्याज मानिन्छ र बेच्नु हराम हुन्छ । तसर्थ सुनलाई चाँदीको बदलामा र चाँदीलाई सुनसित साँट्दा त्यहीबेला उचित हुन्छ जब लेनदेन हाताहाती हुन्छ र दुवै जनाले लिन पाउँछन् । यसरी नै गहुँलाई गहुँको बदलामा, जौलाई जौको बदलामा र खजुरलाई खजुरको बदलामा बेच्न त्यही अवस्थामा जायज हुन्छ जब तौल र नाप बराबर हुन्छ र दुवै जनाले उक्त बैठकमा (माल) कब्जा जमाएका हुन्छन् । यी कुराहरूमा एकातिर नगद र अर्को तिर उधारो राख्न मिल्दैन र (माल ) हात नपरुन्जेल छुट्टिन पनि मिल्दैन ।

http://sunnah.global/hadeeth/ne/show/5889